**भरतपुर महानगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**भरतपुर, चितवन, बागमती प्रदेश, नेपाल**

# सेवा करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०७९।०९।३०**

भरतपुर महानगरपालिकाको लागि तपसिल बमोजिमका पदहरुमा सेवा करारबाट पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र रीतपूर्वक आवेदन फाराम भरी पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र. सं. | विज्ञापन नं. | पद/तह | शैक्षिक योग्यता | संख्या | परीक्षा दस्तुर | उमेर | छनौटको किसिम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | २।२०७९। ०८० | पशु चिकित्सक (अधिकृतस्तर छैटौं सरह) | मान्यता प्राप्त विश्वविद्यालय वा शैक्षिक संस्थाबाट पशु चिकित्सा विषयमा B.V.Sc. & A. H./ B.V.Sc. वा सो सरहको स्नातक तह उत्तीर्ण गरी नेपाल पशु चिकित्सा परिषदमा दर्ता भएको । | १ (एक) | रु. १००० | २१ वर्ष पूरा भएको | प्रारम्भिक सूची प्रकाशन र अन्तर्वार्ता | |
| २ | ३।२०७९। ०८० | कृषि स्नातक (अधिकृतस्तर छैटौं सरह) | मान्यता प्राप्त विश्वविद्यालय वा शैक्षिक संस्थाबाट कृषि विज्ञानमा कम्तीमा स्नातक तह उत्तीर्ण भएको । | १ (एक) | रु. १००० | २१ वर्ष पूरा भएको | प्रारम्भिक सूची प्रकाशन र अन्तर्वार्ता | |
| ३ | ४।२०७९। ०८० | सामाजिक परिचालन अधिकृत (अधिकृतस्तर छैटौं सरह) | मानविकी तथा सामाजिक संकाय, व्यवस्थापन, कानून, शिक्षा वा सम्बन्धित विषयमा स्नातक उत्तीर्ण गरेको, २ वर्ष सामाजिक परिचालनको क्षेत्रमा कार्य अनुभव भएको। वैदेशिक रोजगारको अनुभव भएको र सामाजिक परिचालन सम्बन्धी तालिम लिएकोलाई प्राथमिकता दिइनेछ । | १ (एक) | रु. १००० | २१ वर्ष पूरा भएको | प्रारम्भिक सूची प्रकाशन र अन्तर्वार्ता | भरतपुर महानगरपालिकामा सञ्चालन हुने सुरक्षित आप्रवासन (सामी) कार्यक्रमका लागि। |
| ४ | ५।२०७९। ०८० | रोजगार संयोजक (अधिकृतस्तर छैटौं सरह) | मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तीमा स्नातक तह वा सो सरह उत्तीर्ण भएको । | १ (एक) | रु. १००० | २१ वर्ष पूरा भएको | लिखित र अन्तर्वार्ता | प्रधानमन्त्री रोजगार कार्यक्रम |
| ५ | ६।२०७९। ०८० | रोजगार सहायक (सहायकस्तर पाँचौं सरह) | मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरी आधारभूत कम्प्युटर सीप सम्बन्धी कम्तीमा ३ महिनाको तालिम लिएको। | १ (एक) | रु. ५०० | १८ वर्ष पूरा भएको | लिखित, प्रयोगात्मक र अन्तर्वार्ता | प्रधानमन्त्री रोजगार कार्यक्रम |

**आवेदन फाराम पेश गर्ने स्थानः** आवेदन फाराम भरतपुर महानगरपालिका, नगर कार्यपालिकाको कार्यालय, प्रशासन तथा जनशक्ति विकास शाखामा बुझाउनु पर्नेछ। फारामसाथ तोकिएको दस्तुर नगर कार्यपालिकाको कार्यालयको राजस्व शाखामा रकम जम्मा गरेको रसिद पेश गर्नुपर्नेछ।

**आवेदन साथ पेश गर्नुपर्ने कागजातहरुः** आवेदक स्वयंले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरु–

क) नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
ख) न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि,
ग) पशु चिकित्सकको हकमा परिषद् दर्ता प्रमाणपत्रको प्रतिलिपि
घ) चारित्रिक प्रमाणपत्र,
ङ) कामसँग सम्बन्धित अनुभव भए सोको कागजात,
च) तालिम लिएको भए सोको प्रमाणपत्र,
छ) ३ प्रति पासपोर्ट साइजको फोटो ।

**परीक्षाको किसिमः** रोजगार संयोजक तथा रोजगार सहायकको लागि नेपाल सरकार मन्त्रिपरिषदबाट पारित रोजगार संयोजकको पदपूर्ति र सेवा सुविधा सम्बन्धी मापदण्ड, २०७६ तथा स्थानीय तहमा प्राविधिक सहायक र रोजगार सहायक पदपूर्ति सम्बन्धी मापदण्ड २०७८ बमोजिम छनौट परीक्षा सञ्चालन गरिनेछ । अन्यको हकमा भरतपुर महानगरपालिकाको करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७४ मा भएको व्यवस्था बमोजिम गरिनेछ ।

**सेवा सुविधाः** महानगरपालिका सँगको करार सम्झौताबमोजिम उपलब्ध गराइनेछ ।

**नोटः** परीक्षाको कार्यक्रम पछि प्रकाशन गरिनेछ । साथै आवेदनको ढाँचा, पदपूर्ति र सेवा सुविधा सम्बन्धी मापदण्ड तथा कार्यविवरण लगायतको जानकारी www.bharatpurmun.gov.np मा उपलब्ध छ ।